साकेला गाउँपालिकाको

# नीति, बजेट तथा कार्यक्रम-२०७४/७५

गाउँसभाबाट स्वीकृत मिति: २०७४।०५।२९

साकेला गाउँपालिका

१ नं. प्रदेश, खोटाङ, नेपाल

## प्रस्तुत कर्ता

साकेला गाउँपालिका उपाध्यक्ष,

श्री सरिता खड्का

श्रीमान सभाध्यक्ष महोदय,
गाउँसभाका मान्य सदस्यज्यूहरु,
गाउँपालिका तथा विषयगत कार्यालयमा कार्यरत कर्मचारीगण,
सम्पूर्ण अतिथीगण,
र उपस्थित महानुभावहरु ।

सर्वप्रथम, नेपालको इतिहासमा सदियौंदेखि नै केन्द्रिकृत रहेको सिंहदरबार केन्द्रित अधिकार संवैधानिक व्यवस्था अनुरुप नै स्थानीय स्तरमा आउने गरि सम्पन्न स्थानीय तहको ऐतिहासिक निर्वाचन पश्चात सञ्चालन हुन गइहरहेको यस साकेला गाउँपालिकाको प्रथम बजेट अधिवेशनमा उपस्थित हुनुभएका जननिर्वाचित गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपालको राजनैतिक, सामाजिक विकासक्रमका विभिन्न श्रृङ्खलाहरुमा प्रष्फुटित जनताका आवश्यकता र चाहनाअनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्था अनुरुपको वर्तमान सार्वभौमसत्तासम्पन्न नेपालको स्थानीय सरकारका रुपमा रहेको यस साकेला गाउँपालिकाको गरिमामय प्रथम बजेट अधिवेशनमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सुअवसर प्राप्त भएकोमा अफुलाई शौभाग्यशाली महसुस गरेकी छु । त्यसैगरि, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थायुक्त नेपाल निर्माणको क्रममा आफ्नो प्राण आहूति गर्नुभएका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

सभाध्यक्ष महोदय,

आजको समयमा आर्थिक विकासयुक्त समाज अपरिहार्य बनिसकेको व्यहोरा उपस्थित सम्पूर्णमा अवगतै छ । समयको गतिशीलताअनुरुप समाजले पनि आफ्नो स्वरुपलाई क्रमिक रुपमा रुपान्तरण गरिरहन्छ । समाज र विकास एकअर्काका परिपूरक हुन् । स्थानीय परिवेशमा उपलब्ध प्राकृतिक स्रोतसाधनको यथासक्य उपयोग गर्दै यी दुवैको निरन्तरतालाई समानान्तर गति दिनसके मात्र समृद्ध समाज निर्माणको परिकल्पनालाई गन्तब्यसम्म पुऱ्याउन सकिन्छ भन्ने पवित्र उद्देश्य राखी संघीय राज्य नेपालको प्रदेश नं. १, खोटाङ जिल्लाको रमणीय पर्यटकीय तथा धार्मिक स्थल टेम्केको काखमा अवस्थित तावा र साप्सुले सीमाबद्ध गरेको सुन्दर र रमणीय स्थलको रुपमा, ५ वटा वडाहरु मिली बनेको, ७९.९९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस साकेला

गाउँपालिकाको कूल जनसंख्या ११,५९४ रहेको छ । अब यो सुन्दर गाउँपालिकालाई समृद्ध र नमूना गाउँपालिका बनाउने जिम्मेवारी हामी निर्वाचित जनप्रतिनिधीहरुको काँधमा आएको छ ।

स्थानीय तह सञ्चालनका लागि कानून निर्माण भई कार्यान्वयनमा आइनसकेको यो संक्रमणको स्थितिमा हामीले संविधानको मूल मर्म र भावनालाई आत्मसात गर्दै प्राप्त नियम, निर्देशिकाको आधारमा रही स्थानीय तहको प्रभावकारी रुपमा सञ्चालनका निमित्त जवाफदेहिता, पारदर्शिता एवम् सुशासनका सिद्धान्तहरुलाई आत्मसात गर्दै आम जनतालाई सहज र सरल सेवा उपलब्ध गराउन सम्पूर्ण निर्वाचित प्रतिनिधी प्रतिबद्ध छौं ।

**साकेला गाउँपालिकाले आ.व. ०७४/७५ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य आधारहरु:-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारलें अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु ।
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु ।
- विकासका समयामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।

• साकेला गाउँ पालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

योजना/ आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु

१) यस गाउँपालिकाको अपरिहार्य अवश्यकता र आर्थिक विकासलाई सम्बोधन गर्ने किसिमका भौतिक पुर्वाधारहरु ।

२) उत्पादनमूलक र शिघ्र प्रतिफल दिने ।

३) आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुऱ्याउने ।

४) छिटोछरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।

५) जवाफदेहिता, पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।

६) स्थानीय प्राकृतिक स्रोत-साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने।

७) प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।

८) परम्परागत धर्म, संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने।

९) वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने

१०) गाउँपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने ।

११) लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

**सभाध्यक्ष महोदय,**

यस साकेला गाउँपालिकाको आ.व. २०७४/७५ को नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु।

**साकेला गाउँपालिकाका समष्टिगत नीतिहरु :**

• पूर्वाधार विकासमा लामो समयदेखि पछाडी परेको यस साकेला गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि पूर्वाधार विकासमा केन्द्रीत हुने नीति लिइनेछ।

• भ्रष्टाचारमुक्त, पारदर्शी र सहभागितामूलक आर्थिक समृद्धि सहितको दीगो विकास प्रक्रियालाई आत्मसात गर्दै विकास निर्माणमा हुने ढिलासुस्ती र बेथितीलाई अन्त्य गर्ने र विकासनिर्माणका कार्यक्रमलाई पूर्ण रुपमा व्यवस्थित र विधी सम्मत बनाउने नीति लिइनेछ।

• गाउँपालिकाबासी जनताले आर्थिक सामाजिक विकासको सन्दर्भमा देखेको सपनालाई साकार बनाउन आधार प्रदान गर्ने गरि बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ।

- समृद्ध र आत्मनिर्भर गाउँपालिका बनाउन विस्तृत सम्भाव्यता अध्ययन गरि यहाँका प्राकृतिक स्रोतहरु जमिन, जंगल, जल र जडीबुटीको भरपूर उपयोगको नीति लिइनेछ ।
- विकासका मूल संवाहक मानव संसाधन भएको हुँदा त्यस्तो जनशक्ति उत्पादनलाई आधार प्रदान गर्न सर्वसुलभ स्वास्थ्य सेवा, व्यवहारिक एवम् गुणस्तरीय शिक्षामा जोड दिइने नीति लिइनेछ ।
- जिल्लाकै अग्लो शिखर टेम्के लगायत विभिन्न धार्मिक स्थलहरु साप्सुधाप, वडा नं. १ स्थित तीनधारे, धोद्रेश्वर (धन्यश्वरी), साकेला थान, तारेभीर, सिंहदेवी, जयपतिथान, अन्नपूर्णदेवी तथा रमणीय स्थलहरु चखेवा भञ्ज्याङ, तावा भञ्ज्याङ तथा तावा ताल सम्भाव्यता अध्ययन, सेल्मेडाँडा, मपारुङ डाँडा, माने भञ्ज्याङ, भुसिया डाँडा, डम्बरेटारलाई समेटेर एकीकृत पर्यटन गुरुयोजना तयार गरि क्रमागत रुपमा कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिकामा रहेको तीव्र बाह्य बसाईँसराईको दरलाई निवारण गर्न शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, सञ्चार, यातायात लगायतका अत्यावश्यक सेवाहरुको विकास गरि एकीकृत वस्ती विकास को अवधारणा ल्याई आयआर्जन मूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**आर्थिक विकाससम्बन्धी नीतिहरु :**

- यस साकेला गाउँपालिकाभित्र हालसम्म जीवननिर्वाहमुखी कृषि प्रणालीले निरन्तरता पाइरहेको अवस्थामा आधुनिक र व्यवसायिक कृषि प्रणालीको अवलम्बन गर्ने नीति लिइनेछ ।
- बाली उत्पादनको सम्भाव्यतालाई विस्तृत अध्ययन गरी गाउँपालिका क्षेत्रभित्र भू-उपयोग नीतिलाई प्रभावकारी बनाउने उद्देश्यले पकेट क्षेत्र निर्धारण गरि 'एक वडा एक नमूना कृषि केन्द्र' स्थापना गरिनेछ ।
- यस गाउँपालिकाभित्र कृषि उत्पादित वस्तु भण्डारण तथा बजार व्यवस्थापनको एकीकृत योजना बनाई प्रभावकारी रुपमा लागू गर्ने लक्ष्य लिइनेछ ।
- कृषिमा आधारित साना उद्योग व्यवसायलाई प्रोत्साहन गर्नका लागि उत्कृष्ट कृषक तथा उद्यमीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- कृषि सम्बन्धी विषयदक्षता हासिल भएका फर्म, सरकारी तथा गैरसरकारी संस्था तथा कृषि शहकारी संस्थाहरुको सहभागितामा समपूरक साझेदारीमा निश्चित मापदण्ड र उत्कृष्ट प्रस्तावलाई पहिलो प्राथमिकता दिइनेछ ।
- आगामी २ वर्षभित्रमा यस गाउँपालिकाभित्रका सबै वडामा दक्ष जनशक्ति सहित व्यवसायिक कृषिलाई प्रविधीमैत्री बनाइनेछ ।

- सहुलियत कृषि कार्यक्रम अन्तर्गत मल, बीउ र प्राविधिक परामर्शको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै गाउँपालिका स्तरमै नर्सरी व्यवस्थापन, बीउ भण्डारण गरि पर्याप्त मात्रामा वितरण गर्ने व्यंवस्था मिलाइनेछ ।
- आगामी ५ वर्षभित्र यस साकेला गाउँपालिकालाई रासायनिक मल तथा विषादी प्रयोग मुक्त गाउँपालिका घोषणा गर्ने नीति अवलम्बन गर्दै प्रांगारिक मल तथा जैविक विषादी प्रयोगलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- आयआर्जनमा आधारित व्यवसायिक कृषि तथा पशुपालनको क्षेत्रमा कार्यरत अगुवा कृषकहरुलाई समेटी कृषिमा लगानी तथा प्रगतिको विवरण अद्यावधिक गर्ने, कृषि सम्बन्धि जनचेतना फैलाउने उद्देश्यले कृषि प्रसार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिका भित्र पशुपंक्षी पालनको संभाव्यतालाई अध्ययन गरि व्यवसायिक पशुपंक्षी पालनलाई बढावा दिन नश्ल सुधार गरि उन्नत जातका पशुपंक्षी भित्र्याउन तथा आधुनिक पशुविकास कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।
- स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थ उत्पादन तथा प्रशोधन ( जस्तै: अल्लो प्रशोधन, नेपाली कागज उत्पादन, राडीपाखी, ढाका लगायतका घरबुना कपडाहरुको उत्पादन) जस्ता कार्यको थालनीको लागि आवश्यक प्रक्रिया मिलाई कम्तिमा एक वडा एक उत्पादन तथा प्रशोधन व्यवसायमा जोड दिइनेछ ।
- महिला, दलित, विपन्न, पिछडिएको वर्ग र फरक क्षमता भएकाहरुलाई लक्षित गरि साना उद्योग व्यवसायको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**सामाजिक विकास सम्बन्धी नीतिहरु :**

- साकेला गाउँपालिकाभित्र मनाइने विभिन्न चाडपर्वहरु, परम्परागत संस्कृतिको संरक्षण र संवर्धन गरि, रुढीवादी परम्परालाई निर्मूल पार्दै सभ्य एवं सुसंस्कृत समाज निर्माणको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रयोग भई आएका मन्दिर, गुफा, माने, गुम्बा, चैत्य, चर्च, चौतारा, ठाँटी, पाटीपौवा, सार्वजनिक धारा, कुवाको उचित संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- समाजमा सचेतना अभिवृद्धि, सामाजिक सहकार्य, लैंगिक समानता, जातीय विभेद उन्मुलन, कुप्रथा उन्मुलन, सामाजिक समावेशीकरण को लागि यस गाउँपालिका भित्र रहेका विभिन्न सामुदायिक संघसंस्थाहरुलाई उचित तवरले परिचालन गरिनेछ ।

- यस गाउँपालिकामा गाउँपालिकास्तरीय अस्पताल स्थापनाको लागि आवश्यक प्रक्रिया मिलाई नेपाल सरकारसमक्ष पहल गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवा, सुरक्षित मातृत्व, ज्येष्ठ नागरिकलाई स्वास्थ्य सहुलियत जस्ता अत्यावश्यक सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रत्येक वडामा प्रसुती गृह, स्वास्थ्य प्रयोगशाला, निशूल्क औषधीको पर्याप्त उपलब्धता, गाउँपालिकास्तरमा एम्बुलेन्स सेवा लगायतका व्यवस्था गरि स्वास्थ्य संस्थाहरुको क्षमता विकास तथा अनुगमन नियमनको उचित कार्यविधी तर्जुमा गरिनेछ ।
- यस गाउँपालिकाभित्रको भौगोलिक कठिनाईलाई मध्यनजर गरी खण्डित भूगोलमा सामुदायिक स्वास्थ्य इकाई स्थापनामा आवश्यक पहल गरिनेछ ।
- शिशुको आहारलाई ध्यानमा राखी जनचेतना अभिवृद्धिका कार्यक्रम सहितको पोषणयुक्त आहारा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- यस गाउँपालिकामा प्राकृतिक जडिबुटी लगायत अन्य आयुर्वेदिक औषधी तथा उपचारलाई बढावा दिन आवश्यक आयुर्वेदिक स्वास्थ्य केन्द्र स्थापनाकोलागि पहलकदमी गरिनेछ ।
- गाउँपालिकास्तरीय शिक्षा सुधार कार्यक्रम लाई कार्यान्वयन गर्ने गराउने गरि अनुगमन नियमन कार्यविधीलाई भरपर्दो प्रभावकारी शिक्षा सुधार संयन्त्र मार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा आधारभूत तहलाई गुणस्तरीय बनाउन बालमैत्री विद्यालय र बालमैत्री कक्षाकोठाको अवधारणा लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने, आधारभूत तहमा अंग्रेजी माध्यमबाट शिक्षा दिइने जस्ता कार्यमा विशेष ध्यान दिइनेछ ।
- परम्परागत शिक्षा प्रणालीलाई प्रतिस्थापन गर्दै प्राविधिक, व्यवहारिक एवं जीवनोपयोगी शिक्षालाई प्रोत्साहन गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकास्तरमा सञ्चालित बहुमुखी क्याम्पसको स्तरोन्नति, जनशक्ति व्यवस्थापन तथा एक प्राविधिक शिक्षालय सञ्चालनको लागि आवश्यक पहलकदमी गरिनेछ ।
- घरभित्रको धुवाँरहित, खुला दिशामुक्त, पूर्ण खोपयुक्त वडा घोषणाको प्रभावकारी कार्यान्वयन गर्नुका साथै पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणालाई प्राथमिकताको सूचिमा राखी समग्र गाउँपालिकाको मानव विकास सूचकांकमा सुधार ल्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- सञ्चालित खानेपानी योजनाको उचित रेखदेख, मर्मत सम्भार गर्ने तथा प्रत्येक नागरिकको स्वच्छ पिउने पानी उपभोगको अधिकारलाई सुनिश्चित गर्न खानेपानी सम्भाव्यता अध्ययन

तथा स्रोत पहिचान गरि तत्कालीन र दीर्घकालीन खानेपानी एकीकृत योजना तर्जुमा गरि कार्यान्वयनमा आवश्यक पहल गरिनेछ ।

- खेलकुद क्षेत्रको उचित विकासलाई मध्यनजर गर्दै गाउँपालिकास्तरीय खेलमैदान तथा खेलकुद सँग सम्बन्धीत अन्य पूर्वाधार व्यवस्थाका लागि विशेष व्यवस्था गरिनेछ ।

**पूर्वाधार विकास सम्बन्धी नीतिहरु :**

- यस साकेला गाउँपालिकामा आगामी ३ वर्षभित्र बाह्रै महिना सवारी आवागमन सुचारु गर्नको लागि आवश्यक कार्यक्रमहरुलाई विशेष प्राथमिकतामा राखिनेछ ।
- हरित सडकको अवधारणालाई कार्यान्वयनमा ल्याउन सडक निर्माण गर्दा वातावरणमैत्री क्रियाकलाप ( जस्तैः सडक निर्माणस्थलमा भएका रुखविरुवाको संरक्षण, सडक किनारामा वृक्षरोपण) लाई विशेष ध्यान दिइनेछ ।
- सडक निर्माण सम्बन्धी निश्चित मापदण्ड तयार गरि नयाँ सडक निर्माण भन्दा ट्र्याक खोलिसकिएको सडकलाई स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिने नीति लिइनेछ ।
- यस गाउँपालिकाभित्र रणनीतिक महत्व राख्ने सडकहरु मध्यपहाडी लोकमार्गलाई जोड्ने बाँझे च्यानडाँडा-रतन्छा-मानेभन्ज्याङ-खिदिमा-छितापोखरी सडक, दिक्तेल-साप्सु-मात्तिम-मानेभन्ज्याङ-खिदिमा-पाँचधारे सडक अन्तर्गत साप्सु पाँचधारे खण्डको स्तरोन्नति, यस गाउँपालिकालाई तराईसँग द्रुतमार्गको रुपमा जोड्नको लागि मात्तिम-तावादोभान-दिखुवादोभान हुँदै रेग्मीटार जोड्ने सडक निर्माण कार्यलाई साप्सु कोरिडोरको रुपमा नामाकरण गरि लाई मूख्य प्राथमिकतामा राखिनेछ ।
- अन्तर गाउँ/नगरपालिका, जिल्ला सँग समेत समन्वय गरि सीमास्थित नाकाहरुमा खोलिएका ट्र्याकलाई स्तरोन्नति गर्नको लागि आवश्यक पहलकदमी गरिनेछ ।
- यस साकेला गाउँपालिकालाई आगामी ३ वर्ष भित्रमा "उज्यालो साकेला गाउँपालिका" घोषणा अभियान सफल पार्नको लागि केन्द्रीय विद्युत विस्तार आयोजना तथा स्थानीय विद्युत उत्पादन तथा विस्तार योजनालाई प्राथमिकताका साथ प्रत्येक वडामा सञ्चालन गरि घर घरमा विद्युत पुऱ्याउनेछ ।
- यस गाउँपालिकाभित्र रहेका साप्सु खोला, तावा खोला लगायतका नदीनालाहरुलाई भरपूर मात्रामा उपयोग गर्ने नीति लिई सम्भाव्यता अध्ययन गरि सार्वजनिक, निजी, वित्तीय शहकारी साझेदारीसहितको संयुक्त लगानीको आधार तयार गरिनेछ ।

- यस गाउँपालिकाभित्र रहेका सिँचाई योजनाहरुलाई खेतीयोग्य जमिनलाई ध्यान दिई बाह्रै महिना सञ्चालन हुनेगरि तिनीहरुको स्तरोन्नतिलाई उच्च प्राथमिकतामा राखिनेछ ।
- यस गाउँपालिकाका सबै वडामा टेलिफोन सेवाको पर्याप्त र भरभर्दो उपलब्धताको लागि आवश्यक स्थानमा टेलिफोन टावर निर्माणको लागि सम्भाव्यता अध्ययन गरि आवश्यक व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकाका प्रत्येक वडामा इन्टरनेट सेवाको सुमुचित पहुँच विस्तारको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा पाक्षिक रुपमा सञ्चालन भईरहेको मानेभञ्ज्याङ बजारलाई यस आ.व. भित्रै साप्ताहिक रुपमा सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकाभित्र निर्माणाधीन स्वास्थ्य चौकी भवनहरु, साप्सुखोला तावा खोला पक्कीपुल, वडा नं २ विद्युत विस्तार, मध्यपहाडी लोकमार्ग अन्तर्गत वडा नं. १ मा पर्ने खण्ड लगायत महत्वपूर्ण विकासका पूर्वाधारहरु सम्पन्न गर्न, गराउन कडाईका साथ आवश्यक कदम चालिनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीतिहरु :**

- आइपर्न सक्ने प्राकृतिक एवं मानवीय संकटलाई ध्यान दिई एक गाउँपालिका स्तरको विपद् व्यवस्थापन कोष खडा गरिनेछ ।
- विकास प्रक्रियालाई वातावरण एवं जलवायुमैत्री बनाउन जोड दिइनेछ ।
- वन क्षेत्रको संरक्षणलाई वैज्ञानिक बनाई त्यसको दीगो उपयोगलाई सुनिश्चितता दिइनेछ ।
- प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापनको लागि डम्पिङ सेन्टर, सार्वजनिक शौचालय निर्माण, चेतनामूलक कार्यक्रम लगायतका व्यवस्थाहरु गरिनेछ ।

**संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धी नीतिहरु :**

- सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं विद्युतीय सूचना प्रविधीमैत्री बनाउन कर्मचारीलाई आवश्यक तालिम तथा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- आगामी पाँच वर्ष भित्र गाउँकार्यपालिका तथा सबै वडा कार्यालयहरुको लागि आवश्यक न्यूनतम संस्थागत पूर्वाधार तयार गरिनेछ ।
- गाउँपालिकाका हरेक कार्यालयमा नागरिक बडापत्र, गुनासो पेटिका, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ ।

- गाउँपालिकास्थित सबै कार्यालयको लागि एकीकृत व्यवस्थापन सूचना प्रणाली लागू गरिनेछ ।

**वित्तीय व्यवस्थापन तथा सुशासनसम्बन्धी नीतिहरु :**

- गाउँपालिका तथा यसका सम्पूर्ण वडाहरुको लेखाप्रणालीलाई व्यवस्थित गर्न सफ्टवेयर बनाई लागू गरिनेछ ।
- राजश्व परिचालनको लागि गाउँपालिकाद्वारा निर्धारित करको दायरालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई संकलित राजश्वको समुचित उपयोग गरिनेछ ।
- वित्तीय अनुशासन कायम गर्न गराउन तथा वित्तीय जोखिम न्यूनिकरण गर्न आवश्यक कार्यविधी तर्जुमा गरि योजना सञ्चालनलाई सो कार्यविधी अनुरुप मात्र अगाडी बढाउने व्यवस्था मिलाइनेछ ।
- यस गाउँपालिकाद्वारा संञ्चालित सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सन्दर्भमा गाउँकार्यपालिकाका सदस्यको रोहवरमा चौमासिक रुपमा अनिवार्य सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाद्वारा विनियोजित योजना तथा बजेटको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई प्रचलित कानूनबमोजिम तोकिएको समयमा अन्तिम लेखापरीक्षण गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।
- यस गाउँपालिकास्थित वडा (साविक गा.वि.स.) हरुका नाममा गत विगतदेखि रहेका पेश्की तथा बेरुजु रकमलाई चालू आ.व. भित्रमा फछर्यौट गर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

सभाध्यक्ष महोदय,

अब म आ.ब. २०७३।७४ को आम्दानी र खर्च सभा समक्ष प्रस्तुत गर्ने अनुमती चाहान्छु । स्थानीय तह कार्यान्वयनमा आए सँगै यस साकेला गाउँ पालिकाको लागि चालु तर्फ रु. २० लाख र पूँजिगत तर्फ रु. ८० लाख गरी जम्मा रु. १ करोड बजेट कार्यालय संचालन, व्यवस्थापन तथा पूँजिगत सुधारका लागि प्रप्त भएकोमा चालु तर्फ रु १२,४०,१६७।५० खर्च भई रु. ७,५९,८३२।५० बचत रहेको र पूँजिगत तर्फ रु. ३०,०१,७५५।- खर्च भई रु.४९,९८,२४५।- बचत भएको समेत गरी आ.ब. २०७३।७४ को जम्मा बचत रकम रु. ५७,५८,०७७।५० रहेको छ । जसमा जिल्ला

समन्वय समितिबाट वडा कार्यालयको (साविकका गा.वि.स.) लागि प्राप्त भएको कुनै पनि रकम यसमा समावेश गरिएको छैन ।

## बजेट तथा कार्यक्रम

सभाध्यक्ष महोदय,

अब म आगामी आ.व. ०७४/ ७५ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

यस आवमा आयतर्फ नेपाल सरकार अर्थमन्त्रालयबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. ११ करोड ३२ लाख ३२ हज़ार, सशर्त अनुदान तर्फ रु. ६ करोड ८८ लाख ५८ हजार, आ.व. ०७४।७५ को राजस्व आय प्रक्षेपण रु. ७ लाख ८९ हजार ६ सय, अघिल्लो आ.ब.को नगद मौज्दात रु. ५७ लाख ५८ हजार ७७ रुपैया ५० पैसा र आ.ब. ०७३।७४ को साविक मात्तिम गा.वि.स. को गाउँ विकास समिति अनुदान तर्फको संचित कोषमा जम्मा हुन आएको रु १५ लाख ७६ हजार गरी आ.ब. ०७४।७५ को कुल बजेट १९ करोड २ लाख १३ हजार ६ सय ७७ रुपैयाँ ५० पैसा रहेको छ ।

त्यसैगरी खर्च तर्फ चालु तर्फ रु. ३ करोड ६२ हजार ६ सय ७७ रुपैयाँ, पुजिंगत तर्फ ९ करोड १२ लाख ९३ हजार र सशर्त अनुदानतर्फ रु. ६ करोड ८८ लाख ५८ हजार गरी जम्मा खर्च समेत रु. १९ करोड २ लाख १३ हजार ६ सय ७७ रुपैयाँ ५० पैसा रहेको छ ।

आ.ब. ०७३।७४ को साविक मात्तिम गा.वि.स. को गाउँ विकस समिति अनुदान अन्तरगतको तेस्रो चौमासिक निकासा बापतको श्रावण महिनामा गाउँपालिकाको संचित कोषमा जम्मा हुन आएको चालु तर्फ रु १ लाख ८३ हजार र पूजिंगत तर्फको १३ लाख ९३ हजार रकम अन्तरगत कर्मचारीको तलब तथा सम्पन्न योजना तथा कार्यक्रमको रकम समाहित भएकोमा कानूनी जटिलताका कारण खर्च हुन नसकेको रकम साविकको दायित्व अन्तरगतका कार्यक्रमको लागि खर्च गरिनेछ ।

नेपाल सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालय कृषि, पशु, शिक्षा र स्वास्थ्यतर्फ माथिबाट नै तय भइ आएको **शसर्त अनुदान** सशर्त अनुदान तर्फको रु. ६ करोड ८८ लाख ५८ हजार कार्यक्रम सहित प्राप्त भएको हुँदा सो रकम अनुसुची ३ बमोजिम प्राप्त भएको कार्यक्रममा खर्च गरिनेछ ।

नेपाल सरकारद्वारा प्राप्त भएको वित्तीय समानीकरण अर्थात् निशर्त अनुदान र यस साकेला गाउँपालिकाको अनुमानीत राजस्व आय र गत आ.व. को बचत गरी कुल हुन आउने रु ११ करोड ९७ लाख ७९ हजार ६ सय ७७ रुपैंया पचास पैसा को मात्र कार्यक्रम बनाउनु पर्ने भएकोमा यस गाउँ कार्यपालिकाको कार्यालय, वडा समितिहरुको कार्यालय र विभिन्न विषयगत कार्यालय समेतको लागि चालु तर्फ जम्मा रु. २ करोड ९८ लाख ७९ हजार ६ सय ७७ रुपैंया पचास पैसा छुट्ट्याइएको छ जुन अनुसूचि ३ मा शिर्षकगत रुपमा उल्लेख गरिएको छ। जुन वित्तिय समानीकरण र राजस्व आयको कुल रकमको करिब २५% हुन आउँछ । भने पुँजिगत तर्फ (बिकास, आयोजना, कार्यक्रम) रु ८ करोड ९९ लाख गरी करिब ७५% छुट्ट्याइएको छ।

यसरी पुजिगत तर्फ छुट्याइएको रु. रु ८ करोड ९९ लाख मध्ये विषयगत सिलिङ र वडागत सिलिङको आधारमा ५ वटा वडा समितिको कार्यालयबाट बस्तीस्तर हुँदै सहभागितामुलक तवरले ल्याइएका कुल आयोजना र कार्यक्रम अन्तर्गत अनुसूची २ मा उल्लेख भए बमोजिम रु. २ करोड ५० लाख विभिन्न विषयक्षेत्रमा विभिन्न आयोजना एवम् कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ । भने वडा समितिको कार्यालयद्वारा सिफारीस भई आएका एवम् गाउँ कार्यपालिका र विभिन्न समितिहरुले आवश्यकता पहिचान गरेका पूर्वाधार विकास, ठुला सडक आयोजना लगायतका विभिन्न आयोजना कार्यक्रमहरुमा अनुसूची १ मा उल्लेख भए बमोजिम रु ६ करोड ४९ लाख विनियोजन गरिएको छ।

त्यसै गरी जिल्ला प्राबिधिक कार्यालय अन्तर्गत संचालित साना सिंचाई कार्यक्रम अन्तर्गत आ.व. ०७४/७५ को लागि छनौटमा परेका अनूसूचि ४ मा उल्लेख भएका योजनालाई सम्वन्धित निकाय बाटै विनियोजित बजेटबाट खर्च गर्ने गरी यस कार्यक्रममा समावेश गरीएको छ ।

श्रीमान् सभाध्यक्ष महोदय

माननीय सदस्यज्यूहरु

गाउँपालिका तथा विषयगत कार्यालयमा कार्यरत कर्मचारी गण

उपस्थित महानुभावहरु

यसरी आ.ब. ०७४।७५ को नीति तथा कार्यक्रम र बजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुर्याउनुहुने गाउँ सभा, गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यहरु, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्युहरु, वस्तिस्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, नागरिक समाज, वुद्धिजीवी तथा बजेट निर्माण प्रकृयामा अहोरात्र खटिरहनुभएका कर्मचारी लगायत बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् असुल्य सहयोग, सद्भाव, सल्लाह दिनुहुने सम्पुर्ण महानुभावप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

साकेला गाउँ सभाबाट मिति २०७४।०५।२५ मा पारित साकेला गाउँ कार्यपालिकाको "नीति, बजेट तथा कार्यक्रम-२०७४।७५" नियमानुसार प्रमाणिकरण गर्दछु।

मिति २०७४।५।३०

अर्जुन कुमार [illegible]

अध्यक्ष

अध्यक्ष

# साकेला गाउँकार्यपालिका

## गाउँपालिका स्तरका योजनाहरु

### अनुसूचि-१

वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु

| क.सं. | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि विकास | | १७०००००।०० | |
| २ | पशुपन्छी विकास कार्यक्रम | | ८०००००।०० | |
| ३ | महिला विकास कार्यक्कम | | ७५००००।०० | |
| ४ | दलित सीप बकिास भवन नीर्माण | | ५०००००।०० | |
| ५ | बाल विकास कार्यकम | | २५००००।०० | |
| ६ | विद्यालय मर्मत तथा शैक्षिक सुधार कार्यकम | | ३००००००।०० | |
| ७ | औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद | | ५०००००।०० | |
| ८ | सामुदयिक स्वास्थ्य ईकाइ भवन | वडा नं. १ का साविक ६,७,८र९ समेट्ने गरी | ६०००००।०० | |
| ९ | नौलाखर्क हुपापु आहाले मानेगाउँ धिप्लुङ छाँगा जोड्ने सडक | | १५०००००।०० | |
| १० | काल्चिङ खोला रानी भन्ज्याङ सडक, खिदिमा | | १००००००।०० | |
| ११ | जन्तरे आहाल साकेलाथान कात्तिके सोस्तुङ सडक | | ५३०००००।०० | |
| १२ | तिनधारे धार्मिकस्थल सडक निर्माण | वडा नं. १, च्यानडाँडा | ५०००००।०० | |
| १३ | साप्सुखोला-कामीसरा सडक खण्ड स्तरोन्नति | | ४८०००००।०० | |
| १४ | कामीसरा-सौरे घट्टेखोला खण्ड स्तरोन्नति | | ४८०००००।०० | |
| १५ | सौरे घट्टेखोला-रानी भन्ज्याङ खण्ड स्तरोन्नति | | ४८०००००।०० | |
| १६ | वाँझे-रुपुवा खोला सडक खण्ड स्तरोन्नति | | ६००००००।०० | |
| १७ | रुपुवा खोला-मानेभन्ज्याङ सडक खण्ड स्तरोन्नति | | ६००००००।०० | |
| १८ | मानेभन्ज्याङ-काल्चिङ खोला सडक खण्ड स्तरोन्नति | | ३००००००।०० | |
| १९ | साप्सु खोला-खिदिमा, कात्तिके-रतन्छा सडक स्तरोन्नति | | ८०००००।०० | |
| २० | पर्यटन प्रवर्द्धन कार्यकम | | १००००००।०० | |
| २१ | विपद व्यवस्थापन कोष स्थापना | | ५०००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| २२ | वन तथा वातावरण प्रवर्द्धन कार्यक्रम | | २०००००।०० | |
| २३ | युवा तथा खेलकुद | | ५०००००।०० | |
| २४ | मानेभञ्ज्याङ बजार व्यवस्थापन कार्यक्रम | | ५०००००।०० | |
| २५ | शहिद स्तम्भ निर्माण | | ३०००००।०० | |
| २६ | खानेपानी व्यवस्थापन | | ३००००००।०० | |
| २७ | गाउँ फर्क कुलो मर्मत सम्भार | | १००००००।०० | |
| २८ | पन्चनहर कुलो मर्मत | | २१०००००।०० | |
| २९ | वडा नं १ सिँचाई कुलो मर्मत सम्भार | | ५०००००।०० | |
| ३० | बुवाटुङ हरमा सिँचाई कुलो मर्मत योजना | वडा नं. २ | ५०००००।०० | |
| ३१ | भक्कुखोला कुलो मर्मत योजना, मबु | वडा न. २ | २०००००।०० | |
| ३२ | साबदह भ्याम्टे कुलो मर्मत योजना, पारुङ | वडा नं. ४ | २०००००।०० | |
| ३३ | कार्यालय व्यवस्थापन खर्च | | २५५००००।०० | |
| ३४ | सवारी साधन खरिद | | ५५००००।०० | |
| ३५ | वडा नं. ३ फलामे विद्युत पोल खरिद | | १७०००००।०० | |
| ३६ | वडा नं. १ केन्द्रीय प्रसारण विद्युत् विस्तार | | ३००००००।०० | |
| | जम्मा | | ६४९०००००।०० | |

पुनश्चः गाउँपालिकाअन्तर्गतका विषयगत शिर्षकमा विनियोजित बजेट रकम सम्बन्धित विषयगत शाखासँगको समन्वयमा कार्यक्रम तयार गरि लागू गरिनेछ। साथै गाउँपालिकाले तय भएका कार्यक्रम र वडाबाट छनोट भई आएका सोही योजनासँग सम्बन्धित कार्यक्रमको हकमा एउटै कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ।

# साकेला गाउँकार्यपालिका

## वडागत आयोजनाहरु

*अनुसुची-२*

| वडा नं. १, च्यानडाँडा | | | |
|---|---|---|---|
| वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु | | | |
| योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
| आर्थिक विकास | | | |
| कृषि विकास | | ५०००००।०० | |
| तीन धारे पर्यटन केन्द्र सडक निर्माण | साविक वडा नं. ५ | १३५०००।०० | |
| शिवालय मन्दिर घेराबारा | साविक वडा नं. ४ | २००००।०० | |
| भीमसेनथान मन्दिर निर्माण | साविक वडा नं. ९ | ९००००।०० | |
| सामाजिक विकास | | ७४५०००।०० | |
| राधाकृष्ण मा.वि. फर्निचर खरिद | | २०००००।०० | |
| ६ कुनाखर्क खानेपानी योजना मर्मत | साविक वडा नं. ३ | ४००००।०० | |
| ७ ADB खानेपानी योजना मर्मत | साविक वडा नं. ३,४र ५ | ७५०००।०० | |
| ८ धामीगाउँ खानेपानी योजना मर्मत | साविक वडा नं. ४ | २५०००।०० | |
| ९ महिला सशक्तिकरण तथा क्षमता विकास | | १०००००।०० | |
| १० बाल शैक्षिक सामग्री, खेलकुद सामग्री खरिद | | १०००००।०० | |
| ११ जनजाति पहिचान झल्कने पोशाक तथा पुस्तक खरिद | | ७५०००।०० | |
| १२ दलित क्षमता विकास कार्यक्रम | | ६००००।०० | |
| १३ ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | | ६००००।०० | |
| १४ अपंगता पहिचान तथा लगत संकलन | | १००००।०० | |
| १५ खेलकुद प्रशिक्षण तथा खेलकुद सामग्री खरिद | | १२००००।०० | |
| पूर्वाधार विकास | | ८६५०००।०० | |
| १६ बादुङ खोला काठेपुल निर्माण | साविक वडा नं. ३ | १२००००।०० | |
| १७ सेखुवा विद्युत विस्तार योजना | साविक वडा नं. १ र २ | ९२००००।०० | |

| | | | |
|---|---|---|---|
| न्तुङ सडक निर्माण | साविक वडा नं. ४ र ५ | १८३००० ।०० | |
| ङुङ शाखा सडक निर्माण | साविक वडा नं. ३ | १३०००० ।०० | |
| धेराडाँडा घोडेटो बाटो निर्माण | साविक वडा नं. ५ | ८०००० ।०० | |
| बीखोला सिंचाई कुलो मर्मत | साविक वडा नं. ३ ४ र ५ | १००००० ।०० | |
| ाना सिंचाई मर्मत | फलाँटे बाँझे | ८०००० ।०० | |
| म्लें कुलो मर्मत | साविक वडा नं. ८ | ५०००० ।०० | |
| वु पुइदुवा कुलो मर्मत | साविक वडा नं. ९ | ८०००० ।०० | |
| पिरे कुलो मर्मत | साविक वडा नं. ९ | २५००० ।०० | |
| ालुखोप कुलो मर्मत | साविक वडा नं. ६,७ र ८ | २००००० ।०० | |
| डाँडागाउँ खेल मैदान निर्माण | साविक वडा नं. ८ | ८००००० ।०० | |
| भलिबल ग्राउण्ड निर्माण | साविक वडा नं. ६ | ५५००० ।०० | |
| वातावरण तथा विपद व्यवस्थापन | | २८२३००० ।०० | |
| विपद व्यवस्थापन कोष | | ४०००० ।०० | |
| संस्थागत विकास | | | |
| स्वास्थ्य चौकि उपकरण तथा औषधि खरिद | | ९०००० ।०० | |
| वाहय खोप केन्द्र भवन निर्माण, सेखुवा शोधभर्ना | | २२०००० ।०० | |
| स्वास्थ्य चौकी एम्बुलेन्स खरिद रकम शोधभर्ना | | ५०००० ।०० | |
| गाउँघर क्लिनिक सञ्चालन डाँडागाउँ | साविक ६,७,८ र ९ | ६५००० ।०० | |
| रेडक्रस उपशाखा भवन मर्मत योजना | | ३०००० ।०० | |
| स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता | | ७२००० ।०० | |
| | | ५२७००० ।०० | |
| कूल जम्मा | | ५०००००० ।०० | |

# साकेला गाउँकार्यपालिका

## वडागत आयोजनाहरु

*अनुसुची-२*

| | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| | वडा नं. २, रतन्छा | | | |
| | वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु | | | |
| | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
| | आर्थिक विकास | | | |
| | कृषि विकास | | ६००००० |०० | |
| | कुल पूजा देवालीथान | | १५००० |०० | |
| | सामाजिक विकास | | ६१५००० |०० | |
| | साकेला मा.वि. बालमैत्री शिक्षा सञ्चालन | | ४००००० |०० | |
| | युवा तथा खेलकुद विकास कार्यक्रम | | १५०००० |०० | |
| | जनजाति उत्थान कार्यक्रम | | १००००० |०० | |
| | महिला सशक्तिकरण तथा क्षमता विकास | | १००००० |०० | |
| | अपंगता पहिचान | | ६००० |०० | |
| | दलित उत्थान तथा सशक्तिकरण | | २००००० |०० | |
| | स्वयंसेविका प्रोत्साहन भत्ता | | ६०००० |०० | |
| | वडा कार्यालय, विद्युतीय सामग्री खरिद | | १००००० |०० | |
| | खानेपानी पाइप खरिद योजना | | १५०००० |०० | |
| | पूर्वाधार विकास | | १२६६००० |०० | |
| २ | बुतेपा दारुलाटार सडक मर्मत | | ४००००० |०० | |
| ३ | लामीदुवाली सडक मर्मत | | २००००० |०० | |
| ४ | कृष्णेडाँडा सडक निर्माण | | ८००००० |०० | |
| ५ | दारिम टोल धिकुर्तुङ सडक निर्माण | | ६००००० |०० | |
| ६ | धन्येश्वरी वैशाखे सडक निर्माण | | १००००० |०० | |
| १७ | साँघुडाँडा वैशाखे सडक निर्माण | | २५०००० |०० | |

| | | | |
|---|---|---|---|
| ाटुड हरमा कुलो मर्मत | | २५००००।०० | |
| ातिके कुलो मर्मत | | १५००००।०० | |
| ानुवा दोभान कुलो मर्मत | | २४०००।०० | |
| ाखरी मर्मत योजना, ढप्पर | | ३००००।०० | |
| वातावरण तथा विपद व्यवस्थापन | | २८०४०००।०० | |
| विपद् व्यवस्थापन कोष | | १५००००।०० | |
| संस्थागत विकास | | १५००००।०० | |
| स्वास्थ्य चौकी उपकरण तथा औषधी खरिद | | १५००००।०० | |
| प्रहरी चौकी कार्यालय व्यवस्थापन | | १५०००।०० | |
| | | १६५०००।०० | |
| कुल जम्मा | | ५००००००।०० | |

# साकेला गाउँकार्यपालिका

## वडागत आयोजनाहरु

*अनुसुची-२*

| | | | | |
|---|---|---|---|---|
| | वडा नं. ३, खिदिमा | | | |
| | वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु | | | |
| | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
| | आर्थिक विकास | | | |
| १ | कृषि विकास | | ५०००००।०० | |
| | सामाजिक विकास | | ५०००००।०० | |
| २ | बालमैत्री शिक्षा सञ्चालन | | ३०००००।०० | |
| ३ | चाम्लिङ, तामांङ भाषा संरक्षण | | १०००००।०० | |
| ४ | महिला सामुदायिक भवन निर्माण | | १०००००।०० | |
| ५ | फरक क्षमता सीप विकास तालिम | | ८००००।०० | |
| ६ | दलित उत्थान तथा सशक्तिकरण | | ८००००।०० | |
| ७ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | | ८००००।०० | |
| ८ | स्वयंसेविका प्रोत्साहन भत्ता | | ६४८००।०० | |
| ९ | पूर्ण सरसफाई वडा घोषणा अभियान | | ४५००००।०० | |
| | पूर्वाधार विकास | | १२५४८००।०० | |
| १० | काल्चिङ खोला रानी भन्ज्याङ सडक निर्माण | | १३०००००।०० | |
| ११ | हावा खोला पेल्ट्रीक सेट पोल खरिद | | ४०००००।०० | |
| १२ | खोपु खोला लघु जलविद्युत निर्माण योजना | | १५०००००।०० | |
| १३ | वडास्तरीय खेलमैदान निर्माण | | १०००००।०० | |
| १४ | तावा खोला लघुविद्युत तेस्रो कुलो मर्मत | | २०००००।०० | |
| | | | २१५००००।०० | |
| | संस्थागत विकास | | | |
| १५ | साकेला निमावि फर्निचर खरिद | | ७००००।०० | |

| | | | |
|---|---|---|---|
| सिद्धेश्वरी मा.वि. फर्निचर खरिद | | २५००००।०० | |
| वडा कार्यालय मर्मत | | ४५००००।०० | |
| वडा कार्यालय, सामग्री खरिद | | २०००००।०० | |
| साझा प्रा.वि. खेलमैदान निर्माणं | | ५००००।०० | |
| जनविकास सहकारी संस्था फर्निचर खरिद | | ५००००।०० | |
| | | १०७०००००।०० | |
| विपद् व्यवस्थापन कोष | | २५२००।०० | |
| कुल जम्मा | | ५००००००।०० | |

# साकेला गाउँकार्यपालिका

## वडागत आयोजनाहरु

*अनुसुची-२*

| | वडा नं. ४, मात्तिम | | | |
|---|---|---|---|---|
| | वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु | | | |
| | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
| | आर्थिक विकास | | | |
| १ | कृषि विकास | | ५०००००।०० | |
| २ | कालिकोटे खड्का देवाली थान मन्दिर निर्माण | | १८०००।०० | |
| | सामाजिक विकास | | ५१८०००।०० | |
| ३ | बालमैत्री शिक्षा सञ्चालन | | २०००००।०० | |
| ४ | आदिवासी जनजाति क्षमता विकास कार्यक्रम | | ५००००।०० | |
| ५ | महिला सशक्तिकरण | | १०००००।०० | |
| ६ | फरक क्षमता सीप विकास तालिम | | ५००००।०० | |
| ७ | दलित उत्थान तथा क्षमता विकास | | ५००००।०० | |
| ८ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | | २००००।०० | |
| ९ | स्वयंसेविका प्रोत्साहन भत्ता | | ४२०००।०० | |
| १० | धनवरे-नेवार-भुजेल गाउँ-धिमालगाउँ खा.पा.यो. | | ४०००००।०० | |
| ११ | दालुंगे खा.पा.यो. | | १५००००।०० | |
| १२ | मास्ताङ खोला खा.पा.यो मर्मत सम्भार | | १५००००।०० | |
| १३ | पिचाकु खा.पा.यो. मर्मत सम्भार | | १०००००।०० | |
| १४ | सिंहदेवी मन्दिर खा.पा.यो. | | ५००००।०० | |
| १५ | युवा तथा खेलकुद विकास कार्यक्रम | | १०००००।०० | |
| १६ | युवा तथा खेलकुद विकास कार्यक्रम, ठूलोधारा युवा क्लब | | ७००००।०० | |
| १७ | त्रिशक्ति एकता क्लब, व्यवसायिक तालिम सञ्चालन खर्च | | १०००००।०० | |
| | पूर्वाधार विकास | | १६३२०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | मानेभन्ज्याङ-हुपापु-आहाले-छाँगेखोला सडक | | ३०००००।०० | |
| ९ | बालबालिका मा.वि. माथि मूल सडकबाट बालबालिका मा.वि. पुरानो भवन सम्म सोलिङ तथा ढल निर्माण | | २३००००।०० | |
| १० | पारुङ-कात्तिके सडक स्तरोन्नति | | ३०००००।०० | |
| ११ | वडा कार्यालय सम्म सडक निर्माण | | २५००००।०० | |
| १२ | बिसौनी-पाउँदुरे-धँगेरी सडक | | १०००००।०० | |
| १३ | डल्लेवर-सल्लेरी-आहाले सडक | | १०००००।०० | |
| १४ | तावा खोला दोश्री लघु जलविद्युत जेनेरेटर ढुवानी खर्च | | ४०००००।०० | |
| १५ | तावा खोला दोश्री लघु जलविद्युत कुलो मर्मत | | १०००००।०० | |
| १६ | केन्द्रीय विद्युत विस्तार योजना मर्मत सम्भार | | २०००००।०० | |
| १७ | गाउँफर्क सिँचाई कुलो मर्मत सम्भार योजना | | ४०००००।०० | |
| १८ | भुलभुले सिँचाई कुलो मर्मत सम्भार योजना | | १०००००।०० | |
| १९ | पन्च नहर सिँचाई कुलो मर्मत सम्भार योजना | | ३५००००।०० | |
| | | | २८३००००।०० | |
| | विपद् व्यवस्थापन | | २००००।०० | |
| | कुल जम्मा | | ५००००००।०० | |

# साकेला गाउँकार्यपालिका

## वडागत आयोजनाहरु

*अनुसुची-२*

| | | | | |
|---|---|---|---|---|
| | वडा नं. ५, मात्तिम | | | |
| | वित्तीय समानिकरण अन्तर्गतका योजनाहरु | | | |
| [illegible] | योजनाको नाम | स्थान | विनियोजित रकम | कैफियत |
| | आर्थिक विकास | | | |
| १ | कृषि विकास | | ५०००००।०० | |
| २ | तीनधारे प्रतीक्षालय भवन निर्माण | | ४००००।०० | |
| | सामाजिक विकास | | ५४००००।०० | |
| ३ | वालमैत्री शिक्षा सञ्चालन | | १५००००।०० | |
| ४ | आदिवासी जनजाति क्षमता विकास कार्यक्रम | | २५००००।०० | |
| ५ | महिला सशक्तिकरण, सीप मूलक कार्यक्रम | | १०००००।०० | |
| ६ | फरक क्षमता सीप विकास तालिम | | ५००००।०० | |
| ७ | दलित उत्थान तथा क्षमता विकास | | ५००००।०० | |
| ८ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | | २५०००।०० | |
| ९ | स्वयंसेविका प्रोत्साहन भत्ता | | ३००००।०० | |
| १० | मित्रेखोला खा.पा.यो., गुर्धुम मर्मत | | १५००००।०० | |
| ११ | फिरफिरे मुहान खा.पा.यो. निर्माण | | १५००००।०० | |
| १२ | ओडारे खा.पा.यो. मर्मत | | १५००००।०० | |
| १३ | बगुवा खोला खा.पा.यो. मर्मत | | १०००००।०० | |
| १४ | जम्मुखोला खा.पा.यो. | | ५००००।०० | |
| १५ | छितुवा खोला मुहान खा.पा.यो. | | ५००००।०० | |
| १६ | जुकेपानी खा.पा.यो. | | ६५०००।०० | |
| १७ | तामाङधारा खा.पा.यो. | | २००००।०० | |
| १८ | सिस्नेरी खा.पा.यो. मर्मत | | ५००००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १ | युवा तथा खेलकुद विकास कार्यक्रम | | १०००००।०० | |
| ० | चालीसे खोल्सी खा.पा.यो. | | ७००००।०० | |
| | पूर्वाधार विकास | | १६१००००।०० | |
| १ | जयपति मन्दिर-तल्लो विर्ता सडक विस्तार | | २०००००।०० | |
| २ | बोफुईं-माथिल्लो पृष्टि राईटोल सडक विस्तार | | २०००००।०० | |
| ३ | जम्मुखोला-बोफुईं-देवीस्थान सडक मर्मत | | १५००००।०० | |
| ४ | पृष्टिटोल सडक निर्माण | | १५००००।०० | |
| २५ | जोखेडाँडा-बाहुनडाँडा-वडा कार्यालय सडक मर्मत | | १०००००।०० | |
| २६ | बतासे डाँडा ट्याक खोल्ने योजना | | ५००००।०० | |
| २७ | केन्द्रीय विद्युत विस्तार योजना मर्मत सम्भार | | २०००००।०० | |
| २८ | गाउँफर्क सिँचाई कुलो मर्मत सम्भार योजना | | ८५००००।०० | |
| २९ | पन्च नहर सिँचाई कुलो मुर्मत सम्भार योजना | | ८५००००।०० | |
| | | | २७५००००।०० | |
| | विपद् व्यवस्थापन | | १०००००।०० | |
| | कुल जम्मा | | ५००००००।०० | |

## साकेला गाउँ कार्यपालिका
### मात्तिम, खोटाङ

अनूसूचि ३

आर्थिक वर्ष : २०७४।०७५ का लागी चालू बजेट

| खर्च/वित्तय नम्बर | खर्च/वित्तीय शीर्षक | रकम रु |
|---|---|---|
| २११११ | तलव | १०१७९६७७।५० |
| २१११२ | स्थानिय भत्ता | १००००००।०० |
| २१११३ | महगी भत्ता | ५०००००।०० |
| २१११४ | फिल्ड भत्ता | २०००००।०० |
| २१११९ | अन्य भत्ता | ४१०००००।०० |
| २११२१ | पोशाक | ३०००००।०० |
| २२१११ | पानी तथा विजूली | ३०००००।०० |
| २२११२ | संचार महसूल | ५०००००।०० |
| २२१२१ | घर भाडा | ५०००००।०० |
| २२२११ | इन्धन | ६०००००।०० |
| २२३१४ | इन्धन अन्य प्रयोजन | २०००००।०० |
| २२३१२ | संचालन तथा मर्मत संभार | १००००००।०० |
| २२२१३ | बीमा | २०००००।०० |
| २२३११ | कार्यालय संचालन खर्च | २६०००००।०० |
| २२३२१ | र्निमित सार्बजनिक सम्पतीको मर्मत | ८०००००।०० |
| २२४१२ | अन्य सेवा शूल्क | १७००००००।०० |
| २२५११ | कर्मचारी तालिम | २०००००।०० |
| २२५२२ | कार्यक्रम खर्च | ५०००००।०० |
| २२६११ | अनूगमन मुल्यांकन खर्च | १७००००००।०० |
| २२६१२ | भ्रमण खर्च | ३०००००।०० |
| २२७११ | विविध खर्च | २५००००।०० |
| | जम्मा | २९८७९६७७।५० |

अनूसुचि-४

साकेला गाउँ कार्यपालिका

मात्तिम, खोटाङ

आर्थिक वर्षः २०७४/०७५ का लागि साना सिंचाई कार्यक्रम अन्तर्गतको कार्यक्रम समावेश

| क.स. | आयोजनाको नाम | साविक गा.वि.स. | साकेला गा.पा. वडा नं. | योजनाको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | लामो छाँगा सिंचाई योजना | च्यानडाँडा ८, ९ | १ | क्रमागत | बजेट सम्वन्धित कार्यालयले व्यवस्था गर्ने |
| २ | | रतन्छा १, २ | २ | क्रमागत | बजेट सम्वन्धित कार्यालयले व्यवस्था गर्ने |